

# Tewa Volunteers' Voice

टेवा Tewa

Quarterly Bulletin

Vol: 8
Jun - Aug 2013
Issue: 2




## सम्पादकीय



**आदरणीय पाठकवर्गहरू**

संयोग भनौं या भाग्य ! के भनौं ? यस्तै भयो । सह-सम्पादक भएको केहि समय नबित्दै सम्पादकको महत्वपूर्ण जिम्मेवारी म मा आई पऱ्यो । प्रकाशन समितिका साथीहरूले म प्रति गरेको विश्वासलाई सहृदयी आभार प्रकट गर्न चाहन्छु ।

Editor को काम सम्हाल्दै आउनु भएका स्वयंसेवी साथी सारती देवी रन्जीतजी काम विशेषले अमेरिका जानु भयो । हालसम्म वहाँले सम्हादै आउनु भएको कामको कदर गर्दै वहाँको उत्तरोत्तर प्रगती र उज्जल भविष्यको कामना गर्दछौं ।

स्वयंसेवी भावनाले ओत प्रोत हुँदै छरिएर रहेका टेवा स्वयंसेवीहरूमा आपसी सद्भाव, अपनत्वको भावना, मित्रवत व्यवहार अभिवृद्धि गरि वहाँहरूमा भएको शीप, अनुभव, अनुसन्धान ज्ञानवर्धक लेख रचनाहरू संकलन गरि यस प्रकाशन मार्फत सबैमा जानकारी दिई टेवा स्वयंसेवीहरूको नाम राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा उच्च राख्नु यस समुहको प्रमूख उद्देश्य रहेको छ ।

Publication को स्थायित्व र निरन्तरताको लागि अक्षय कोषको स्थापना भै सकेको छ । जुन काम टेवाको लामो इतिहासमा पहिलो उदाहरणीय काम हो भन्ने हामीलाई लाग्दछ कम्तिमा १०० जना स्वयंसेवीहरूबाट रु. ५,०००।- का दरले रकम संकलन गरि जम्मा रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख) पुऱ्याउने उद्देश्य लिई शुरु भएको यस अभियानमा हालसम्म ७३ जना दाताहरुबाट जम्मा रु. ४,५०,०००।- संकलन भै सकेको कुरा यहाँहरु समक्ष जानकारी गराउन पाउँदा म अत्यन्तै हर्षित छु ।

अन्त्यमा यस Volunteer Voice Endowment Fund को अवधारणालाई आत्मसाथ गरि यहाँसम्म ल्याउनको लागि सहयोग पुऱ्याउनु हुने स्वयंसेवी साथीहरू, दाता, शुभचिन्तक, टेवा सदस्य, कर्मचारीहरू, रोचक लेख रचना कविता दिई सहयोग पुऱ्याउनु हुने महिला समूहहरू, प्रायोजन गर्नु हुने व्यापारिक संघ/संस्थाहरू यस अभियानलाई यहाँसम्म ल्याउन हरेक हिसाबले उल्लेखनिय सहयोग पुऱ्याउनु हुने टेवा स्वयंसेवी अधिकृत उर्मिला श्रेष्ठज्यूलाई म विशेष धन्यवाद दिन चाहन्छु र भविष्यमा पनि यहाँहरूबाट यस्तै सल्लाह सुझाव र सहयोगको अपेच्छा राख्दछु ।

धन्यवाद !

- सुनिल बस्नेत
स्वयंसेवी १९९८

## स्वयंसेवी कार्यक्रम

१९९७ देखि २०१३ सम्म आईपुग्दा टेवाबाट तालिम प्राप्त स्वयंसेवीहरु ५७३ जना हुनुहुन्छ । उहाँहरुले mentoring period मा रु. २३,०७,६४१।- उठाउन सफल भईसक्नु भएको छ ।

## दिप प्रज्वलन कार्यक्रम

टेवाको स्थानिय अर्थ संकलन कार्यक्रम अन्तगत सम्पन्न "दिप प्रज्वलन" मा जम्मा ४१ जना स्वयंसेवीहरूले रु ११,८००/- अर्थ संकलन गरेको छ भने २२ जना स्वयंसेवीहरू प्रत्यक्ष रुपमा कार्यक्रममा सहभागी हुनुभएको छ। यस कार्यक्रमबाट रु ७७,५५५/- अर्थ संकलन भएको छ।

जुन घरमा प्रेम, सद्भाव र सल्लाह भेटिन्छ त्यौ नै वास्तविक घर हो । -प्रेमचन्द्र

# टेवाको वृक्षारोपण



– लक्ष्मी भद्रा ओझा
स्वयंसेवी २००६

२०७० असार १५ गते शनिवार मेरो लागि अविश्मरणीय रह्यो। त्यसो त असार महिना रोपाईको बेला, "मानो रोपेर मुरी फलाउने" कृषक दाजुभाई तथा दिदीबहिनी धान रोपाईको चटारोमा महिनै भरि हिलो र झरिसँगै पैठाजोरी खेलिरहन्छन्।

त्यस दिन विहान ७.३० बजे धापाखेलबाट शुरु भएको हाम्रो यात्रा करिब १ घण्टा पश्चात् बालाजुको उत्तरीभेग धर्मस्थली पुगी टुगिंयो। स्वयंसेवी टेवा सदस्य तथा कर्मचारी गरी करिब ४० जना बसमा थियौ भने अन्य स्थानिय बासी र आगन्तुकहरूको ठुलो संख्यामा त्यहाँ उपस्थित हुनुहुन्थ्यो। वृक्षारोपणको लागि तयार गरिएको ठाउं धर्मस्थलीकै एक मन्दिर रहेको उच्च ठाउँमा अति नै रमणीय र मनमोह थियो। टेवाद्वारा आयोजित उक्त वृक्षारोपण कार्य श्री महाकांली माई विकास तथा संरक्षण समिति, धर्मस्थली र G-Force group को सहयोगमा करिब ५०० वटा विभिन्न जातका बोट विरुवाहरू रोपियो।

यस अघि अनौपचारिक रुपमा टेवाकी स्वयंसेवी कार्यक्रम अधिकृत उर्मिला श्रेष्ठबाट शुरु गर्नुभएको थियो। टेवाकै कार्यकारीणी सदस्य निर्मला केसीबाट उपस्थित सबैलाई स्वागत गर्दै टेवाको अर्थ संकलन प्रकृया अन्तर्गत आजको वृक्षारोपण पनि एउटा हो भन्नु हुदै उहाँले आज कामना गर्नुभयो। यस पुण्य र परोपकारी कार्यमा जुट्नको लागि आउन भएका सम्पूर्णलाई टेवाका अध्यक्ष लगायतले पठाउनु भएको धन्यवादको संदेश बारे जानकारी दिनुभयो।

G-Force group का अध्यक्ष जयन्द्र वीर सिंह बस्न्यातज्यूले बोटविरुवाको रेखदेख तथा संरक्षण स्थानिय बासिन्दा तथा महांकाल बाबाले गर्ने प्रतिवद्धता गर्दै उहाँ आफ्नो जीवन भरि नै वृक्षारोपण गरिरहनुपर्ने बताउनु भयो। अन्त्यमा टेवाकै अर्थ संकलन अधिकृत सीता श्रेष्ठले सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो।

त्यसपश्चात् मन्दिर परिसरमै तयार गरिएको स्थलमा टेवा परिवार लगायत उपस्थित आदरणीय व्यक्तित्व, स्थानीय बासी, बालबालिकाहरूले वृक्षारोपण गरि त्यो दिनलाई अमेट बनायौ र सोही अवसर स्थानीय स्कुलका बालिकाकाहरूको नामांकीत प्लेकार्ड प्रत्येक विरुवामा अंकीत गरियो। सिमसिमे झरिको माझमा रोपिएको ति बोट विरुवाले उचित संरक्षण पाएमा आउँदो वर्षको असारमा ती वृक्षलाई हुर्केको हेरेर आनन्दाभूती गर्ने अवसर मिलोस् भन्ने आशा मनमनै साँच्दै फर्कने तरखरमा लाग्यौ। त्यसै बिच थिरकुमारी बस्न्यात स्मृति समाज सेवा प्रतिष्ठानको तर्फबाट सबैलाई दही चिउरा खुवाउने जानकारी पायौं र भरपेट स्वाद लिई लिई दहि चिउरा खाने पर्व पनि मनाऔं। उक्त कार्यक्रमको व्यवस्थापन गरी उपस्थित सबैलाई खुवाउने प्रबन्ध गर्नु हुने भाईराजा बस्नेत, सिर्जना के.सी., शान्ती बस्नेत, जानकी बस्नेत, इन्दिरा घिमिरे, भवानी गुरागाँई, विनु घिमिरे बिनोद हमाल, रीता रिमाल लगायत संलग्न सबैलाई टेवा परिवार हृदय देखि आभार व्यक्त गर्दछौं।

अन्त्यमा वृक्षारोपण कार्यक्रमको सफल पार्नुको लागि संयोजनकारी भूमिका निभाउनु हुने टेवा Volunteer Voice का सम्पादक सुनिल बस्नेत र स्वयंसेवी विमला बस्नेत विशेष धन्यवादको पात्र हुनुहुन्छ।

# टेवा स्वयंसेवी बचत समूहद्वारा आयोजित भ्रमण कार्यक्रम

टेवा स्वयंसेवी बचत समूहद्वारा बर्षेनी आयोजना गर्ने भ्रमण कार्यक्रम यस पल्ट नुवाकोट जिल्लामा गरिएको थियो। उक्त भ्रमणमा टेवा अनुदान प्राप्त महिला समूहसँग भेटघाट, त्रिशुली जलविद्युत आयोजना र नुवाकोट दरवारको अवलोकन गरिएको थियो।

नुवाकोटको गेर्खु गा.वि.स. स्थित श्री जागृति महिला बचत तथा ऋण सहकारी संस्थामा टेवाले २०११/०१२ को पहिलो चक्र को अनुदान रु. ४६ हजार बाखा पालन कार्यक्रमको लागि अनुदान सहयोग गरेको थियो।

श्री जागृति महिला सहकारी बचत तथा ऋण सहकारी संस्था स्थापना भएको १३ वर्ष भएको र यस संस्थामा ६० जना सदस्य रहको छ। टेवाबाट प्राप्त अनुदान पश्चात यस संस्थाको दिदी बहिनीहरूको आय आर्जनमा वृद्धि भएको, आफ्नो आय आर्जनलाई कहाँ खर्च गर्ने भन्ने कुरा स्वयं निर्णय गर्न सक्ने भएको छ।

बाखा पालन कार्यक्रम अर्न्तगत समूहका दिदी बहिनीहरूले बाखा पैचो कार्यक्रम अनुसार बाखाको पाठो अर्को महिला सदस्यलाई दिनु पर्ने नियम बनाएको थियो। जसले गर्दा हाल सम्म धेरै जना दिदी बहिनीहरूले बाखा बृद्धि गर्न सफल भएको पायौं।

यस कार्यक्रमले गर्दा महिलाहरूको आर्थिक स्तर उकास्न सहयोग भएको छ। यस समूहका एक सदस्य जो एकल महिला हुनुहुन्छ, भन्नुहुन्छ बाखा पालन कार्यक्रम पाए पछि उनले आफ्नो छोरीको पढाई को लागि आर्थिक रुपले सक्षम भएको छ।



# संविधान सभा निर्वाचन –महिला सहभागिता

अन्तरिम संविधानले २०६३ ले राज्यका हरेक क्षेत्र तथा तहमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित हुनुपर्ने व्यवस्था गरेको छ। त्यसको प्रभावकारी कार्यान्वयनका लागि हामी आ-आफ्नो क्षेत्रमा सक्रिय रुपमा लाग्नु पर्ने अवस्था छ। मूलुकलाई अग्रगामी दिशा तर्फ अग्रसर गराउनका लागि कानूनी एवं वैद्यानिक प्रक्रियाहरूमा समिक्षा भईरहेको वर्तमान अवस्थामा सबै नीतिहरुको मूल नीति राजनैतिक महिला सहभागिता सुनिश्चित हुनुपर्छ। यसै सन्दर्भमा निकट भविष्यमा हुने संविधान सभाको निर्वाचनमा महिलाको ३३ प्रतिशत परिणाममा सुनिश्चितताका लागि महिलाहरूको समानताको अधिकार हुनु पर्दछ।

जस्का लागि निम्न कुराहरुमा ध्यान दिइनु आवश्यक हुन आउँछ।

- आगामी संविधान सभा निर्वाचन परिणाममा नै कम्तिमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने।
- न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्व नभएको राजनैतिक दललाई निर्वाचनमा सहभागिता जनाउन नमिल्ने गरि निर्वाचन ऐनमा उल्लेख हुनु पर्ने।
- प्रत्यक्ष निर्वाचनको लागि महिलाको निर्वाचन क्षेत्र आरक्षित गरिनुपर्ने।
- निर्वाचनमा महिला उम्मेदवार र मतदाताका सुरक्षाको ग्यारेन्टी हुनुपर्ने।

## कविता

धन्यवाद छ टेवा तिमीलाई।
हामीलाई बाहिर आउने मौका दियौ॥
हजारौं महिलाको बारेमा।
काम गर्न अग्रसर बनायौं॥

तिम्रो साथ पाउँदा खुशी छौं हामी।
तिम्रो हात पाएमा अघि बढ्छौं हामी॥
धेरै ज्ञान पायौं तिम्रो कार्यबाट॥

ग्रामीण पिछडिएका महिलाको बारेमा।
काम गर्दै जानु यसै गरी॥
सबैलाई आत्म निर्भर बनाउनु।
हातेमालो गरि अघि बढे हामी॥
पुरा हुन सक्छ टेवाको लक्ष्य पक्कै पनि॥

**- करुणा रेग्मी**
डुरुवा १ डुरुवा दाङ
स्वयंसेवी घोराही दाङ

# अनुदान प्राप्त महिला समूहसँग भेटघाट



**–सरला श्रेष्ठ**
स्वयंसेवी २००२

हामी १९ जना स्वयंसेवी साथीहरू बालाजु-गोलढुंगा हुँदै करिब १२.५ बजे खानी खोला पुग्यौं। त्यहाँ टेवा अनुदान प्राप्त गृह श्रमिक तामाङ्ग महिला समाजका ३० जना दिदी बहिनीहरूसँग भेटघाट भयो।

कार्यक्रम औपचारिक रुपमा उर्मिलाजीले सुरु गर्नुभयो। सबैको परिचय पश्चात् संस्थाका अध्यक्ष ईसा तामाङ्गज्यूबाट टेवासँगको चिनजान र संस्थाको स्थापना बारे प्रष्ट पार्नुभयो।

केही काम गरुँ भन्ने इच्छा हुदा हुँदै ज्ञान, सिप र अनुभवको अभावको कारण वहाँमा के गरुँ कसो गरुँ भन्ने अन्योलता भईरहेको थियो। भैंसेपाटीमा छ महिने सिलाई बुनाई तालिम लिए पश्चात् गाउँमा सिलाई बुनाई पसल खोल्नु भएछ।

महिला समुह गठन गरि वचत गर्ने बानी बसाली आत्म निर्भर बनाउने उद्देश्यले २०१० मा गृह श्रमिक तामाङ्ग महिला समाजको स्थापना भएको थियो। टेवाको अनुदान सहयोग रकम रु. २५,०००।- बाट ब्रिकेट, च्याउ खेती तालिम लिई आयमूलक कार्यक्रम संचालन गरिरहेको पाइयो।

२०१० मा स्थापना भई २०१३ सम्मको ३ वर्षको समयमा वहाँहरुमा पाएको परिवर्तन बारे जानकारी गराउन पाउँदा मलाई ज्यादै गर्व लागेको छ। आत्मनिर्भर, सबैको अगाडि प्रष्ट बोल्न सक्ने, आत्मविश्वास बढेको, परिवारमा आर्थिक सहयोगको विकास भएको, समयको व्यवस्थापन गर्न सक्ने क्षमता, मेल मिलापको वातावरणमा संस्था सञ्चालन, परिवारमा आर्थिक सहयोग पुऱ्याउन सक्छु भन्ने आत्मविश्वास अझ रोचक टिठ लाग्दो कुरा त संस्थाका सदस्य ठूली माया तामाङ्ग र निर्मला तामाङ्गले संस्थाको भवन बनाउन जग्गा दिनुभएको छ। सोही जग्गामा भवन निर्माण गर्नु भएको रहेछ कच्ची भएको कारण भत्केर गएपछि पुनः स्थानिय विकास मन्त्रालयको सहयोगमा भवन निर्माण गरेर अहिले त्यही भवनमा सबै जना मिलि छलफल गर्ने, दुःख सुख बाँड्ने औपचारिक कार्यक्रमहरू सञ्चालन गर्ने।

यसरी उहाँहरूमा आएको परिवर्तन सबै महिलाहरूको लागि एउटा ज्वलन्त उदाहरण बनेको छ।

अन्तिममा हामी मीठो चिया र बिस्कुट खाई विदावारी भई घर फर्क्यौं।



## Volunteers' Voice

### अक्षयकोषका थप दाताहरू

१. श्रेया वि.सी.
२. रामेश्वर राज प्रधान
३. रामराजा बस्नेत
४. शंकर बस्नेत
५. बिनिता रन्जित (यादव)
६. सुष्मा राणा
७. प्रज्ञा महर्जन
८. सान्या थापा
९. शान्ती दली
१०. सीता श्रेष्ठ
११. अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रा. लि.

### सौजन्य


सौगात बस्नेत


चन्दा बस्नेत

## New Committee for year 2013 - 2014


**Sunil Basnet**
Editor


**Shreejana K.C.**
Co-Editor


**Laxmi Ojha Bhadra**
Member


**Sushma Khatri Ranjit**
Member

### Support team:

Sheetal Shakya Bajracharya
Sarala Shrestha
Sharda Gurung

Join us at facebook
www.facebook.com/TewaFundforWomen

# स्वयंसेवी तालिम

सन् २०१३ को दोस्रो समूहको स्वयंसेवी तालिम यहि २३(२५ जून मा टेवामा सम्पन्न भयो । उक्त तालिममा जम्मा २० जना रहेको (१७ जना महिला र ३ जना पुरुष) उक्त तालिममा केहि गृहिणीहरु, केहि विद्यार्थीहरु र केहि आफ्नो व्यवसाय गरेकाहरुको पनि सहभागीता रहेको थियो । ३ दिनको तालिम पश्चात् सहभागीहरुले टेवाको कामबारे स्पष्ट हुनुका साथै टेवाको लागि सधैं सहयोग गर्ने प्रतिबद्धता देखाउनु भयो ।

### तालिममा सहभागीहरूको नामावली

नम्रता पोखेल, निरा मानन्धर, दिपा श्रेष्ठ, मञ्जरी ताम्राकार, महोमद वलि, अभिमन्यू देवकोटा, सोनी श्रेष्ठ, लक्ष्मी नकर्मी, जमुना महर्जन, रुचि उपाध्याय, सोफिला श्रेष्ठ, दिपशिखा कँडेल, राजेन्द्र गुरुङ्ग, सिता पोखरेल, पुष्पा पाण्डे, अनिना श्रेष्ठ, मिना अर्याल, संगीता बज्राचार्य, भावना राई, रचना श्रेष्ठ



# अनुदान कार्यक्रम

हाले महाकाली नदिमा आएको विनाशकारी बाढीले दार्चुला तथा अछामको अनेकौं घरहरू, सरकारी कार्यालयहरू परेको छ । धेरै मानिसहरूको मृत्यु भएको छ ।

दार्चुलामा मात्र बाढीको कारण ७९ घरहरू बगाएको छ जसमा सरदमुकामका ११ वटा सरकारी कार्यालयहरू र एक नयाँ पुल समेत बगाएको छ । यस विनासकारी बाढीपछि जिवित व्यक्तिहरूका लागि गाँस, बास र कपासको आवश्यकता पर्दछ ।

विगतका वर्षहरूमा जस्तै टेवाले बाढि पिडितहरूको लागि जोन्टा क्लव मार्फत अतिरिक्त अनुदान अन्तर्गत ओषधी खरिदको लागि रु. २५000/-(पच्चीस हजार) सहयोग गरेको छ ।







रेसीपी

## ठेकुवा

### आवश्यक सामग्री

१. गहुँको पिठो
२. चिनी
३. सुकमेल
४. तेल

### बनाउने तरिका

ठेकुवा तयार गर्नको लागि पहिला २ किलो पिठोमा थोरै मनतातो तेल, पिनेको सुकूमेल राख्ने । २ किलो पिठोलाई आधा किलो चिनी मनतातो पानीमा चास्नी जस्तै बनाई पिठो मुछ्ने । त्यसरी मुसेको पिठोमा अलि अलि पानी पनि राख्नुपर्छ नभए पिठो साह्रो हुन्छ। मुछेको पिठो राम्रोसँग बुट्टेदार फरक फरक लाम्चो आकारको Shape बनाउने र तेलमा तार्ने । तारेपछि ठेकुवा फुल्छ, फुले पछि राम्रोसँग पाक्यो भनेर बुझ्नु पर्छ । अब ठेकुवा खानको लागि तयार भयो ।



Tewa P.O.Box 11, Dhapakhel, Lalitpur, Nepal, Phone: 5572654 Fax: 5572659, email: tewavolunteervoice@live.com, tewa@mail.com.np, website: www.tewa.org.np